


The Rufford Foundation
www.rufford.org

- संभव भएसम्म वन क्षेत्रको अवस्थामा सुधार गरि वन क्षेत्रको खण्डिकरणको रोकथाम गर्नुपर्ने, पुनः वन क्षेत्र कायम गराउनुपर्ने, अतिक्रमण नियन्त्रण गर्नुपर्ने र सकेसम्म हात्ति ओहोर दोहोर गर्ने क्षेत्रमा पर्ने बस्तिहरु अन्यत्र सार्नुपर्ने,
- घर गोठको नजिक बिशेष गरि बाँस, केरा जस्ता प्रजाति नलगाउने बरु संभव भए जैबिक बार (सिउडि) प्रजाति लगाउने,



- सकेसम्म बस्तिको वरिपरि बिद्युतिय तारबार लगाउने र नियमित रुपमा त्यसको मर्मत संभार गर्ने गराउने,



- हात्तीको जमात कता छ जानकारी राख्ने, आफू सुरक्षित रहने गरि मात्र हात्तीलाई लखेट्ने, एक्लै नहिडने साथै धेरै नजिक नजाने,
- हात्ती आएको थाहा पाउना साथ सुरक्षित तबरले प्रतिरोध हुने खालका गतिबिधिहरु (आगोको राँको, ठुलो आवाज र पड्का) को प्रयोग गर्ने,



- समुदायमा हात्तीबाट बच्न र हात्तिलाई पनि बचाउन जनचेतनामुलक कार्यक्रम संचालन गर्ने,
- कथमकथाचित हात्तीबाट क्षति हुन गएमा तत्काल सहयोग एवं उद्धारको लागि एक समूह निर्माण गर्ने, आदि ।

## राहतको ब्यबस्था

जङ्गली हात्ती लगायतका वन्यजन्तुले वन क्षेत्र तथा गाउँ/वस्तीमा प्रवेश गरी स्थानीय जनताको धनजनको क्षति हुन गएमा वन्यजन्तु र स्थानीय बासिन्दा बिचको अन्तर सम्बन्ध घनिष्ठ कायम राख्न निश्चित मापदण्डको आधारमा पीडित पक्षलाई राहत उपलब्ध गराउने ब्यबस्था रहेको छ । हात्तीबाट मानबीय क्षति (सामान्य र सख्त घाईते साथै मृत्यु भएमा), भण्डारण गरेको अन्नको क्षति, घर गोठको क्षति र खाद्यान्नबालीको क्षति भएमा राहत पाउने ब्यबस्था गरेको छ ।

## राहत प्राप्त गर्नको लागि पेश गर्नुपर्ने प्रमाणहरु

- पिडित वा हकवालाको निबेदन,
- सम्भब भएसम्म मृतकको/पिडितको फोटो,
- मृत्यु दर्ताको प्रमाण पत्र र नाता प्रमाणित,
- घट्ना स्थलको सर्जमीनको मुचुल्का,
- मानवीय क्षति भएमा स्वास्थ्य संस्थाको सिफारिस र औषधिको बिल,
- मृत्यु भएमा प्रहरी प्रतिबेदन,
- सम्बन्धित मध्यवर्ती उपभोक्ता समिति वा संरक्षण क्षेत्र ब्यबस्थापन उपभोक्ता समिति वा परिषद वा सामुदायिक वन समितिको सिफारिस,
- सम्बन्धित गाउ विकास समिति वा नगरपालिकाको सिफारिस,
- भण्डारण गरेको अन्न एवं खाद्यान्न बालिको क्षति भएमा कृषि सेवा सम्बन्धि प्राबिधिकको सिफारिस,
- जग्गा धनिको लालपुर्जा ।

## राहत रकमको हद :

### क. मानवीय क्षतिको लागि

- सिफारिसको आधारमा सामान्य घाईतेको लागि बढीमा रु. २०,०००।– (बिस हजार) र सख्त घाईतेको लागि बढीमा रु. २,००,०००।– (दुई लाख) सम्म औषधोपचार खर्च दिने ।
- मृतकको आश्रित परिवार/हकवालाको लागि रु. १०,००,०००।– (दश लाख) राहत रकम दिने ।

### ख. घर/गोठ क्षतिको लागि

- घर/गोठ क्षतिको प्रकृति हेरी प्रेषित कागजान र सिफारिका आधारमा बढीमा रु. १०,०००।– (दश हजार) सम्म ।
- भकारीमा भण्डारण गरिएको अन्नको मूल्याङ्कन गरि प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु.१०,०००।– (दश हजार) सम्म ।

### ग. खाद्यान्न बालीको क्षतिको लागि

- क्षति सम्बन्धि प्रतिबेदन र सिफारिसका आधारमा खाद्यान्न बालिको क्षतिको क्षेत्रफल र प्रकृति हेरि बढिमा रु. १०,०००।– (दश हजार) सम्म ।

# खाता जैबिक मार्ग, बर्दिया



# मानब–हात्ती बिचको सहअस्तित्वको एक झलक



The Rufford Foundation
www.rufford.org

## परिचय :



नेपालको बर्दिया राष्ट्रिय निकुन्ज र भारतको कतर्नियाघाट वन्यजन्तु स्याङ्चुरिलाई जोडने खाता जैबिक मार्गले १५४.४८ बर्ग मिटर क्षेत्र ओगटेको छ । कर्णाली नदीको भङ्गालोहरु यस जैबिक मार्गको पश्चिम क्षेत्र भई बग्ने गर्दछ । नदीको भङ्गालोहरुले गर्दा यहाँ थुप्रै टापुहरु निर्माण भएका छन् जुन बन्यजन्तुहरुको बासस्थान र जैबिक मार्गको लागि उपयुक्त छ । यस जैबिक मार्ग भएर दुई देश बिचका हात्ती, बाघ, गैंडा लगायतका ठुला बन्यजन्तुहरु आवत जावत गर्ने गरेको पाईन्छ । यस जैबिक मार्गमा बिभिन्न प्रजातिका वन्यजन्तहरु, घस्रने जातका जन्तुहरु र बिभिन्न प्रजातिका चराहरु समेत पाईन्छ भने पछिल्ला बर्षहरुमा यस जैबिक मार्गमा पनि स्थानिय बासिन्दा र हात्ती बिचको द्वन्द एक ज्वलन्त समस्याको रुपमा बढिरहेको देखिन्छ ।

## जङ्गली हात्ती (Asian Elephant)

एसियामा पाईने हात्ती अफ्रिकामा पाईने हात्ती भन्दा अलिकति सानो हुन्छ । एसियाली हात्ती नेपाल लगायत एसियाका बिभिन्न देशमा जङ्गली अवस्थामा करीब ४१–५२ हजारको संख्यामा रहेको छ भने नेपालको तराई क्षेत्रमा हाल १०७–१४५ संख्यामा रहेको जङ्गली हात्ती मुख्यतया चारवटा क्षेत्रमा (७–१५ वटा पूर्बमा, २५–३० वटा मध्य क्षेत्रमा, ६०–८० वटा पश्चिम क्षेत्रमा र १५–२० वटा सुदुर पश्चिम क्षेत्रमा) रहेको पाईन्छ । बासस्थानको क्षय र खण्डिकरण, चोरि सिकारी तथा मानब सँगको द्वन्दको कारणले जङ्गली हात्ती संकटमा परेको छ ।

## कानूनी प्राबधान :

जङ्गली हात्तीलाई राष्ट्रिय निकुन्ज तथा बन्यजन्तु संरक्षण ऐनले संरक्षित बन्यजन्तुको सूचिमा, साईटिसको अनुसूचि १ र विश्व संरक्षण संघ (आइ.यु.सि.एन) को रेडलिष्टमा संकटापन्न बन्यजन्तुको सूचिमा समावेश गरेको छ । जङ्गली हात्ती सहित संरक्षित बन्यजन्तुको आखेटोपहार राख्ने, खरिद गर्ने, बिक्रि गर्ने वा ओसारपसार गर्ने ब्यक्तिलाई पाँच लाख रुपैयाँ देखि दश लाख रुपैयाँसम्म जरिबाना वा पाँच वर्ष देखि पन्ध्र वर्षसम्म कैद वा दुबै सजाय हुने कानूनी ब्यबस्था रहेको छ ।

## बासस्थान :

जङ्गली हात्ती साधारणतया घाँसे मैदान, उष्ण प्रदेशिय सदाबहार वन र अर्ध सदाबहार वन, चिस्यान तथा सुख्खा पतझड वनमा हुने गर्दछ ।

## शारीरिक बनावट तथा बानिब्यहोरा

नेपालमा पाईने स्तनधारी जनावरमा हात्ती सबभन्दा ठुलो जनावर हो । यसको शरीरको बनौट निकै गरुंगो किसिमको हुन्छ । यसको टाउको ठूलो सूँड लामो हुन्छ भने आँखा र कानहरु सानो हुन्छन् । यसको नाक तथा माथिल्लो ओठ सूँडको रुपमा बिकसित भएको हुन्छ । यसको सहायताबाट नै टाढाको गन्ध थाहा पाउने, श्वास प्रश्वास गर्ने, खानेकुरा समातेर मुखमा हाल्ने, पानी पिउने, जमिनबाट हल्का तथा गरुंगो वस्तु उठाउने गर्दछ । भाले हात्तीहरुमा बाहिर निस्केका लामा दुईवटा दाह्रा हुन्छन् भने पोथिको दाह्रा अलिकति मात्र बाहिर निस्केको हुन्छ ।

हात्तीको जमातको सामाजिक संगठन उमेर तथा लिंग अनुसार हुने गर्दछ । यद्यपि हात्तीको जमात १०–१५ पोथि हात्तीहरु तथा बच्चाहरुले बनेको हुन्छ र एउटा ठूलो पोथी हात्तीले अगुवाई गरेको हुन्छ । भाले हात्तीहरु नजिकै रहेका हुन्छन् तथा सम्पूर्ण जमातको नेतृत्व एउटा ठूलो भाले हात्तीले गरेको हुन्छ ।

हात्तीहरु बिभिन्न किसिमको आवाज निकाल्ने गर्दछन् । हात्तीले जोरको आवाज निकालेर बिरोध जनाउँछ तथा सानो र दबेको स्वरमा गरेको आवाज द्वारा खुसी जनाउछ । हात्तीले जब सूडलाई जमिनमा बजारेर आवाज निकाल्दछ त्यसले भय जनाउदछ ।

जगंली हात्तीलाई प्रतिदिन १५० कि.ग्रा. सम्म खानेकुराको आबश्यकता पर्दछ भने खानाको लागि दैनिक १४ देखि १९ घन्टा सम्म समय बिताउँछन् । तसर्थ, हात्तिलाई बासस्थानको लागि ठूलो क्षेत्रको आवश्यकता पर्दछ भने मौसम अनुसार खाना र पानीको लागि एक ठाउबाट अर्को ठाउमा बसाई सराई गरि रहन्छ । बर्षाको याममा जब घाँसको माटो फाल्नमा गाह्रो हुन्छ त्यस बेला घाँसलाई माथिबाट चर्ने गर्दछ सुख्खा मौसममा रुखहरुको हाँगाहरु भाचेर पातहरु खाने गर्दछ ।

## मानब–हात्ती बिचको द्वन्द र कारणहरु

मानब र हात्तीको गतिबिधिको कारणले हुन जाने नकरात्मक असर नै मानब हात्ती बिचको द्वन्द हो । यस जैबिक मार्गमा पर्ने द्वन्द प्रभाबित क्षेत्रमा मूख्यतया हात्तीहरुबाट खेतबारीमा लगाएको बालिनालि खाईदिने र नोक्सानी गरि दिने, घर गोठ भत्काई दिने र भण्डारण गरेको अन्नपात खाई दिने साथै मान्छेहरुलाई आक्रमण गरि घाईते पार्ने र मार्ने समेत गरेको छ ।

### यस जैबिक मार्ग आसपासमा मानब हात्ती बिचको द्वन्द बढ्नुका कारणहरु मुख्यतया,

- यस जैबिक मार्ग भई हात्तीको ओहोर दोहोर हुँदा बिचमा पर्ने बस्तिमा हानि नोक्सानी गर्नु,
- हात्तीको बासस्थान र बिचरण क्षेत्रको बिनाश तथा क्षयिकरण भई आहाराको कमि हुनु ,
- खेतबारिमा लगाएको बालिनालि स्वादिष्ट, पोषणयुक्त हुनु साथै सजिलै सँग एकै ठाउमा प्राप्त गर्नु,
- घरमा भण्डारण गरेको अन्नबालि, मदिरा तथा नुन खानमा पल्कि बस्तिमा पसि घरगोठको क्षति गर्नु ,
- मानिसद्धारा हात्ती प्रति देखाईएको ब्यबहार जस्तैः हात्तीलाई चोट लाग्ने गरि भाला लगाएतका हात हतियार र आगोको प्रयोग गर्नु जस्ले गर्दा हात्ति रिसाहा भई मान्छे प्रति आक्रमक हुनु ,
- हात्तीको आनिबानि तथा जोगिने उपायहरुको बारेमा जनचेतनाको कमि हुनु,
- वन क्षेत्रमा बिशेष गरि वन पैदावार (घाँस, दाउरा, स्याउला, पत्कर) को सङ्कलनको लागि निर्भरता हुनु , आदि ।

## मानब हात्ती बिचको द्वन्द न्यूनिकरणका उपायहरु :

लोपोन्मूख हात्तीको संरक्षण सँगै यसबाट धनजनको हानी नोक्सानी हुन नदिनको लागि सरोकारवाला निकायहरुबाट निम्नानुसारका सजकता अपनाउनु उपयुक्त हुने छ :



- हात्तीको संरक्षण तथा मानब हात्ती बिचको द्वन्द न्यूनिकरणको लागि एकिकृत रुपमा योजना निर्माण गर्नु पर्ने,
- स्थानिय स्तरमा हात्तीले मन नपर्ने बालि नालि लगाउने (मेन्था, क्यामोमाईल, बेसार, कागति जस्ता) तथा भू–उपयोग प्रणालिमा (कृषि वन तर्फ) परिबर्तन गर्नु पर्ने,
- मनबिय क्षति हुनुको मुख्य कारण मध्ये घरगोठ माथिको क्षति पनि एक भएकोले संभब भए कच्चा घर (बाँस र खरको छाना) को सट्टा पक्कि घर (ईट्टाको गारो र जस्ताको छाना) को निर्माण गर्ने तर्फ उन्मुख हुनुपर्ने,